आज मिति २०८३ बैशाख १४ गते दिउँसो १:३० बजे धलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीहरूको नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | [signature] |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | [signature] |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | [signature] |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | [signature] |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | [signature] |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | [signature] |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | [signature] |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | [signature] |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | [signature] |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | [signature] |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | सुनीता |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | कमला |
| १६ | विर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | [signature] |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | [signature] |

## मिति २०८३ बैशाख १४ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरू

### निर्णय नं. १

थलारा गाउँपालिकाको धरौटी खातामा विगत देखि बिभिन्न प्रयोजनका लागि धरौटी रकम जम्मा गरी प्रयोजन समाप्त भइसकेका धरौटी रकम फिर्ता लैजान भनी सूचना जारी गरी १५ दिन भित्र आवश्यक प्रमाण पेश गरी फिर्ता माग नगरेमा त्यस्ता धरौटी रकम सदरस्याहा गरी गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्ने।

### निर्णय नं. २

प्रदेश लेखा नियन्त्रक कार्यालय धनगढी कैलालीको च.नं.४१८ मिति २०८३।१।४ को पत्रानुसार पुष र माघ महिनाको सवारी साधन वापतको रकम भुलवस बढी प्राप्त भएकोले यस थलारा गाउँपालिकाको बाँडफाँडबाट प्राप्त हुने राजश्व खाताबाट रु. २२,१२,५६०।५८ प्रदेश सरकारको खातामा फिर्ता गरी हिसाव समायोजन गर्न स्वीकृति दिने।

### निर्णय नं. ३

प्रदेश नीति तथा योजना आयोगबाट मिति २०८२।१२।१९ गते प्रकाशित प्रदेश समपुरक अनुदान र प्रदेश बिशेष अनुदान तर्फको आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार आगामी आर्थिक वर्ष २०८३।८४ का लागि देहायका आयोजनाको प्रस्ताव पेश गर्ने साथै समपुरक तर्फका आयोजनाको हकमा लागतको २० प्रतिशत रकम गाउँपालिकाको स्रोतबाट वेहोर्ने प्रतिबद्धता गरियो।

समपुरक अनुदान तर्फका आयोजना:

| क स | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सेति नदी नियन्त्रण वडा नं ९ | थलारा ९ | क्रमागत |
| २ | विद्यालय भवन निर्माण (शैलेश्वरी आवि, करवीर आवि, भगवती आवि देवलवाँज, थलारा मावि) | थलारा ८, २ ३ र ५ | |
| ३ | ३. नं. वडा कार्यालय भवन निर्माण | थलारा ३ | |

बिशेष अनुदान तर्फका आयोजना:

| क स | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य सेवाको गुणस्तर सुधार कार्यक्रम | थलारा गाउँपालिका | |
| २ | खानेपानी तथा सरसफाइ आयोजना (गुगै, सक्काडाबाज, फकाली, बिजाडा, मोयल, उग्रा, मोतिपुर टोलका लागि) | थलारा १,३, ४, ६ र ९ | |
| ३ | सिचाईकुलो निर्माण कार्यक्रम (दिपिल, रेगम, घट्टेखोला, कौसाडी, सेराली, तोला, श्रीजिउला) | थलारा १,३,४,६,८ र ९ | |

२०८३।१।१४

निर्णय नं. ४

सङ्घीय सरकारको बिशेष अनुदान अन्तरगत शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रमको प्रस्तावना बमोजिम यस अघि बोलपत्र आह्वान भई मिति २०८२।७।३० मा भएको प्याकेज-१ को इलेक्ट्रोनिक्स आइटमको खरिद सम्झौता अनुसार आपूर्तिकर्ताले तोकिएको अवधिमा सामान आपूर्ति कार्य नगरी उक्त सम्झौता अन्त्य गरिएकोमा पुनः उक्त सामानको लागत अनुमान अध्यावधिक गर्न बजार दररेट माग गरी लागत अनुमान तयार गर्दा सुरु लागत अनुमान भन्दा बढ्न गई हालको लागत अनुमान रु.१,४२,३७,६०८/- हुन आएकोले विशेष अनुदानको स्रोतबाट अपुग हुने रकम गाउँपालिकाको बचत हुने स्रोतबाट बेहोर्ने गरी ठेक्का व्यवस्थापनका लागि स्रोत सहमति प्रदान गर्ने।

निर्णय नं. ५

यस गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुको तलब भत्ता रकम हाल सम्म सम्बन्धित विद्यालयहरूको बैंक खाता मार्फत भुक्तानी हुँदै आएकोमा शैक्षिक सत्र २०८३ वैशाख देखिको तलब भत्ता सम्बन्धित शिक्षक तथा कर्मचारीको बैंक खाता मार्फत भुक्तानी गर्ने।

निर्णय नं. ६

देहाय बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहायता शिर्षकबाट औषधी उपचारका लागि नगद आर्थिक सहयोग गर्न स्वीकृत गर्ने तथा भुक्तानी भइसकेको अनुमोदन गर्ने।

| सि.न. | नाम | ठेगाना | सहयोग रकम रु. | प्रयोजन |
|---|---|---|---|---|
| १ | कल्पना ओली | थलारा ३ | २०,०००/- | औषधी उपचार |
| २ | बाटुली देवी उपाध्याय | थलारा ७ | २०,०००/- | औषधी उपचार |
| ३ | सचिन सुनुवार | थलारा ९ | १५,०००/- | औषधी उपचार |
| ४ | टिकादत्त जोशी | थलारा ८ | ५,०००/- | औषधी उपचार |
| ५ | भगवती कुमारी जोशी | थलारा ५ | १५,०००/- | औषधी उपचार |

निर्णय नं. ७

यस थलारा गाउँपालिकामा CSEB इन्टरलकिङ्ग प्रविधिबाट बनेको ईटाहरुलाई केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ,बबरमहल काठमाण्डौ स्वीकृत मापदण्ड बमोजिम आगामी दिनमा निर्माण हुने भौतिक संरचनाहरुमा प्रयोग गर्न सकिने निर्णय गरियो।

२०८३/१/१८